

# राष्ट्रिय हरवाचरवा अधिकार मञ्च
केन्द्रीय कार्यालय, लाहान सिराह नेपाल

**मितिः २०७८ माघ १७ गते**

## प्रेश बिज्ञप्ती

राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका केन्द्रीय सचिव श्री मोहमद कासिम मियाकी धर्मपत्नी बर्ष ५० कि सकिला खातुनको मिति २०७८ माघ ०७ गतेका दिन असमायिक निधन भएकोले हार्दिक श्रद्धान्जली ब्यक्त गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौ । साथै निजको मृत आत्माले शान्ति पाओस भन्ने कामना समेत गर्न चाहन्छौ ।

सिराहा जिल्ला लक्ष्मीपुर गाऊँपालिका वडा नं. २ घरभई हरवाचरवा मुक्ति र स्वतन्त्रताको अधिकारमा लामो समयदेखि क्रियाशिल अभियान्ता मोहमद कासिम मियाकी जीवनसंगिनी स्वर्गिय सकिला खातुनले कोभीड १९ बिरुद्धको दोश्रो डोज खोप लगाएर घर आए पछि अकस्मात सोही दिन मृत्यु भएको थियो ।

नेपालको प्रदेश नं. २ अन्तरगत पुर्वी तराईका ८ वटा जिल्लाहरु सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा अझैसम्म पनि दाश प्रथाको अबशेषको रुपमा रहेको कृषी बधुवा श्रम हरवाचरवा प्रथा अझैसम्म पनि कायमै रहेको छ । साथै हरवाचरवाहरु सबैभन्दा बढी कोभीड १९ को मारमा परेका छन । समाजमा अति सिमान्तकृत र बंचितीकरणमा रहेको समुदाय हरवाचरवाको कोभीड १९ को तेश्रो लहर चलीरहेका बेला एक्कासी सकिला खातुनको मृत्यु भएकोले मृतकका परिवारलाई राहत उपलब्ध गराउनका लागि सम्बन्धित निकायसंग जोडदार माग समेत गर्दछौ ।



मोहन ओड
**कार्यवाहक अध्यक्ष**
राष्ट्रिय दलित नेटवर्क



दशन मण्डल
**अध्यक्ष**
राष्ट्रिय हरवाचरवा अधिकार मञ्च